# नेपाल राजपत्र

## भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २४ गते २०३१ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकार बीच २०३१ जेठ १८ गते तदनुसार मे ३१, १९७४ मा भएको व्यापार तथा भुक्तानी सम्झौताको प्रामाणिक प्रतिहरू नेपाली, चीनियाँ र अंग्रेजी भाषामा भएकोमा त्यसको नेपाली र अंग्रेजी भाषाका प्रतिहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

श्री ५ को सरकार, नेपाल

र

जनवादी गणतन्त्र चीन सरकारका

बीचको व्यापार तथा भुक्तानी सम्झौता

श्री ५ को सरकार, नेपाल र जनवादी गणतन्त्र चीन सरकार (यसपछि संविदाकारी पक्षहरू भनिएको) ले नेपाल र चीनको स्वशासित तिब्बत क्षेत्रका बीचको परम्परागत व्यापार सम्बन्धहरू लगायत दुई देशका बीचको मैत्री सम्बन्धलाई अरू विकसित गर्ने र दुई देशका बीचको आर्थिक तथा व्यापार सम्बन्धलाई सुदृढ गर्ने उद्देश्यले समानता र पारस्परिक लाभको आधारमा देहायबमोजिम मञ्जूर गरेका छन्:—



227

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा– १

दुई संविदाकारी पक्षहरूले आफ्नो दुई देशका बीच व्यापार बढाउन सबै उपयुक्त कदमहरू चाल्नेछन् र आपसमा मालसामानहरूको आदान-प्रदानलाई विकास गर्न मञ्जूर गर्दछन् । दुई संविदाकारी पक्षहरूले समुद्रपार व्यापारको अतिरिक्त दुई देशहरूका बीचको परम्परागत स्थल मार्ग व्यापारको अझ विकास र सुदृढीकरणका लागि परस्परमा सबै सम्भव सहूलियतहरू प्रदान गर्नेछन् ।

धारा– २

दुई देशका बीच मालसामानहरूको आदान-प्रदान तत्कालमा दुई देशमा लागू भई रहेका आ-आफ्ना आयात-निर्यातसम्बन्धी ऐन, नियम, कार्यविधि र विदेशी विनिमय नियमहरू-बमोजिम गरिनेछ ।

धारा– ३

दुई देशहरूका बीच मालसामानहरूको आदान-प्रदान यस सम्झौतासंग संलग्न सूची "क" (चीनको निकासी नेपालमा) र सूची "ख" (नेपालको निकासी चीनमा) बमोजिम गरिनेछ । तर यस सम्झौताले माथि उल्लिखित संलग्न सूची "क" र "ख" मा उल्लेख नभएका वस्तुहरूको व्यापार गर्नमा रोक लगाउने छैन ।

दुई संविदाकारी पक्षहरूले दुई देशहरूका बीच व्यापार गरिएका वस्तुहरूको लागि निकासी तथा पैठारी इजाजतपत्र (लाइसेन्स) प्रदानका सम्बन्धमा परस्परमा सहूलियत प्रदान गर्नेछन् ।

धारा –४

दुई देशका बीचको व्यापार यथासम्भव समत्वको सिद्धान्तमा आधारित तथा व्यवस्थित हुनेछ ।

धारा– ५

दुई देशका बीचको व्यापार नेपाल र चीनको राष्ट्रिय व्यापार संगठनहरू तथा दुई देशहरूका अन्य आयात तथा निर्यातकर्ताहरू मार्फत हुन सक्नेछ ।

धारा– ६

दुई संविदाकारी पक्षहरूले भन्सार महसूल तथा अन्य करहरू, वस्तुहरूको निकासी तथा पैठारीमा लगाइने फी तथा दस्तूरहरूसम्बन्धी सबै कुराहरूमा, नियमहरू तथा भन्सारसम्बन्धी औपचारिकताहरू र दस्तूरहरूका सम्बन्धमा एकले अर्कालाई अधिकतम सौविध्य प्राप्त राष्ट्रको व्यवहार प्रदान गर्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यी व्यवस्थाहरू देहायका सम्बन्धमा लागू हुने छैनन्:–

१. कुनै संविदाकारी पक्ष सदस्य भएको वा भविष्यमा सदस्य हुन सक्ने कुनै भन्सार संघ वा भन्सार स्वतन्त्र व्यापारसम्बन्धी सम्झौताबाट प्राप्त सुविधाहरू ।

२. अन्तर्राष्ट्रिय वाणिज्यसम्बन्धी बहुपक्षीय आर्थिक सम्झौताद्वारा प्रदान गरिएको सुविधाहरू ।

धारा– ७

दुई देशहरूका बीच स्थल मार्ग व्यापारलाई बढाउनका लागि दुई संविदाकारी पक्षहरूले आफ्नो सिमानाका देहायका व्यापारिक ठाउँहरूलाई प्रयोग गर्न मञ्जूर गर्छन्:–

१. कोदारी । न्यालम
२. रसुवा । केरूङ्ग
३. यारी (हुम्ला) । पुरङ्ग

धारा– ८

सिमानाका बासिन्दाहरूको आर्थिक जीवनको उन्नति गर्ने उद्देश्यले दुई संविदाकारी पक्षहरू दुई देशहरूका सिमानाका बासिन्दाहरूले सिमानाबाट ३० किलोमिटरको इलाकाभित्र वस्तु-विनिमयको आधारमा परम्परागत व्यापार गर्न सक्नेछन् भन्ने कुरामा मञ्जूर गर्दछन् जुन माथि उल्लिखित व्यवस्थाहरूको परिसीमाको अधीनमा रहेने छैन ।

धारा– ९

दुई देशहरूका बीचको स्थल मार्ग व्यापार नेपाल तथा चीनको स्वशासित तिब्बत क्षेत्रका बीचको सिमानामा मालसामानहरूको हस्तान्तरण गर्ने ठाउँमा वा सम्बन्धित स्थानीय अधिकारीहरूद्वारा निर्धारित सिमानाको आसपासका त्यस्ता अरू ठाउँहरूमा सी. एण्ड एफ्. को आधारमा हुनेछ ।

धारा– १०

दुई देशहरूका बीचको समुद्रपारका नेपालबाट हुने निकासी व्यापार सम्बन्धमा एफ्. ओ.बी. को आधारमा र चीनबाट नेपालमा हुने निकासी सम्बन्धमा सी. आई. एफ्. कलकत्ताको आधारमा वा अन्य बन्दरगाह जस मार्फत पारवहनमा रहेका मालसामानहरू जहाजबाट पठाउन सकिन्छ, हुनेछ ।

धारा ११

यस सम्झौताको कुनै कुराले यस सम्झौताका कुनै पनि पक्षलाई यो सम्झौता हुन अघि वा पछि हस्ताक्षर गरेको भूपरिवेष्ठित मुलुकहरूसम्बन्धी लगायत अन्तर्राष्ट्रिय कुनै पनि महासन्धि (कन्भेन्शन) वा सम्झौता वा संकल्प (रिज्यूलिसन) बमोजिमका कुनै पनि पक्षको कुनै पनि ायित्वहरूलाई घटाएको अर्थ लगाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्रै लागु हुनेछ।

धारा– १२

कुनै संविदाकारी पक्षको अनुरोधमा उनीहरूको प्रतिनिधिहरूले यस सम्झौताको कार्यान्वयनको रेखदेख गर्न तथा त्यसबाट उत्पन्न हुन सक्ने कुनै पनि समस्याहरूको मैत्रिपूर्ण परामर्श-द्वारा समाधान गर्नका लागि भेट गर्नेछन् ।

धारा– १३

दुई देशका बीच भुक्तानीहरूको तरीका देहायबमोजिम हुनेछः–

१. श्री ५ को सरकार, नेपालले पिपुल्स बैंक अफ् चीन, पेकिङ्गमा पाउण्ड स्टर्लिङ्गमा एक "नेपाल खाता" खोल्नेछ र जनवादी गणतन्त्र चीन सरकारले नेपाल राष्ट्र बैंक, काठमाडौंमा पाउण्ड स्टर्लिङ्गमा एक "चीन खाता" खोल्नेछ । माथिका दुई खाताहरू ब्याज रहित तथा दस्तूर मुक्त हुनेछन् ।

२. पाउण्ड स्टर्लिङ्गको सुनको मात्रामा कुनै परिवर्तन भएमा (हाल एक पाउण्ड स्टर्लिङ्गमा २.१३२८१ ग्राम शुद्ध सुनको मात्रा रहेका), माथि उप–धारा १ मा तोकिएको खाताको मौज्दात र यस सम्झौता अन्तर्गतका बाँकी करारहरू तथा प्रतितपत्रहरूको रकम परिवर्तनको अनुपातमा सुनको बराबरी पूर्ववत् अपरिवर्तित रहने गरी सबै मिलाइनेछ ।

३. देहायका भुक्तानीहरू माथि उल्लेख भएका खाताहरूको माध्यमबाट गरिनेछः–

(१) दुई देशहरूका बीच वस्तुहरूको खरीद-बिक्री तथा त्यस्तो आनुषंगिक दस्तूरहरूको भुक्तानीहरू,

(२) दुबै देशहरूका राजदूतावासहरूको तथा कन्सुलेटहरू (वाणिज्य दूतको कार्यालयहरू लगायत) को स्थानीय खर्चहरूको भुक्तानीहरू,

(३) प्रत्येक देशको सरकारी, वाणिज्य, साँस्कृतिक तथा सामाजिक संगठन-हरूको प्रतिनिधिमण्डलहरू वा अन्य प्रतिनिधिहरूको सम्बन्धमा अर्को पक्षको मुलुकभित्र रहँदा लागेको खर्चको भुक्तानीहरू,

(४) दुबै देशहरूका विद्यार्थीहरू तथा प्रशिक्षार्थीहरूको खर्चको साथसाथै समुद्रपार प्रेषित रूपैयाँ तथा पर्यटकहरूको अनगखर्चहरूको भुक्तानीहरू र

(५) नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ् चीनद्वारा वा सो बैंकहरूका बीच मञ्जूर भए मुताबिकका अन्य भुक्तानीहरू ।

225

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. दुई संविदाकारी पक्षहरूले एकले अर्कालाई माथिको खातामा तीन लाख पाउण्ड स्टर्लिङ्गसम्मको एक दुस्तो (स्वीङ्ग) ऋणको व्यवस्था गर्नेछन्, माथि उल्लेख भएको खाताको मौज्दात यो ऋण अंकभन्दा बढी भएमा ऋणी पक्षले सो बढी भएको रकम तीनदेखि छ महीनाभित्र मालसामानहरूको हस्तान्तरणद्वारा वा परिवर्त्य मुद्रामा भुक्तानी गर्नेछ ।

५. यस सम्झौताको वैधताको म्याद भुक्तान हुँदा माथि उल्लेख भएको खाताहरूमा अझै मौज्दात रहन गएमा रकमलाई ऋणी पक्षले मालसामानहरूको हस्तान्तरणद्वारा वा परिवर्त्य मुद्रामा अविलम्ब चुक्ता गर्नु पर्नेछ ।

६. नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ् चीनले यस भुक्तानी व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक प्राविधिक विवरणहरू तयार गर्नेछन् ।

## धारा– १४

यो सम्झौताले दुई संविदाकारी पक्षहरूका बीच १९६८ को मई २८ तारीखमा हस्ताक्षर भएको पूर्व व्यापार सम्झौतालाई प्रतिस्थापन गर्नेछ र तीन वर्षको अवधिसम्म लागू रहनेछ । यदि कुनै पक्षले यो सम्झौतालाई समाप्त गर्ने कुराको सम्झौताको म्याद भुक्तान हुनु–भन्दा कम्तीमा छ महीना अगावै अर्को पक्षलाई लिखित सूचना नगरेमा सम्झौताको मान्यताको म्याद अर्को तीन वर्षका लागि स्वतः बढ्नेछ र अरू म्याद थप पनि सोही अनुसार हुँदै जानेछ ।

वर्तमान सम्झौता नेपाली, चीनी र अंग्रेजी भाषाका दुई दुई प्रतिहरूमा संवत् २०३१ जेठ १८ गते तदनुसार सन् १९७४ को मे महीनाको ३१ तारीखका दिन काठमाडौंमा सम्पन्न भयो । तीनै प्रतिहरू समान रूपले प्रामाणिक छन् ।

द. । (भुवनमान सिंह)
श्री ५ को सरकार, नेपालकोतर्फबाट

द. । (छन चे)
जनवादी गणतन्त्र चीन सरकारकोतर्फबाट

128

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूची "क"

### चीनको निकासी नेपालमा

१. समुद्रपारबाट नेपालमा हुने चीनको निकासी–

(१) कपडा
(२) तयारी लुगाहरू
(३) हल्का किसिमका औद्योगिक उत्पादन
(४) खाद्य पदार्थ
(५) सिमेण्ट
(६) धातु र इस्पातका उत्पादन
(७) चिल्लो पार्ने तेल
(८) रासायनिक पदार्थ
(९) अन्य वस्तु।

२. चीनको स्वशासित तिब्बत क्षेत्रबाट नेपालमा हुने निकासी–

(१) काँचो ऊन
(२) भेडा च्याङ्ग्रा
(३) नून
(४) चौंरी गाई र चौंरी गाईको पुच्छर
(५) गलैंचा
(६) अन्य वस्तु।

## सूची "ख"

### नेपालको चीनमा निकासी

१. समुद्रपारबाट चीनमा हुने नेपालको निकासी–

(१) जूट
(२) चीनी
(३) काठ (टीम्बर)
(४) प्रशोधित तलुवा छाला
(५) जडीबूटी
(६) चिया
(७) अन्य वस्तु।

२. नेपालको चीनको स्वशासित तिब्बत क्षेत्रमा हुने निकासी–

(१) खाद्यान्न
(२) गहूँको मैदा
(३) चीनी
(४) जूट बोरा र जूटको कपडा
(५) सूर्ती
(६) सुकेको खुर्सानी
(७) मैन बत्ती
(८) रंगाउने कुरा
(९) साबुन
(१०) काठ (टीम्बर)
(११) नाक
(१२) अन्य वस्तु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# TRADE AND PAYMENTS AGREEMENT BETWEEN HIS MAJESTY'S GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA

His Majesty's Government of Nepal and The Government of the People's Republic of China (hereinafter referred to as the Contracting Parties), for the purpose of further developing the friendship between the two countries and strengthening the economic and trade relations between the two countries, including the traditional trade relations between Nepal and the Tibet Autonomous Region of China, have on the basis of equality and mutual benefit agreed as follows:-

## ARTICLE I

The two Contracting Parties shall take all appropriate measures to develop the trade between their two countries and agree to Promote the exchange of goods between them. The two Contracting Parties, in addition to trade overseas, shall provide each other all possible facilities for the further consolidation and development of the traditional trade overland between the two countries.

## ARTICLE II

The exchange of goods between the two countries shall be conducted in accordance with their respective laws, regulations and procedures regarding import and export and foreign exchange regulations in force from time to time in the two countries.

## ARTICLE III

The exchange of goods between the two countries shall be carried out according to List "A" (China's exports to Nepal) and List "B" (Nepal's exports to China) attached to this Agreement. However, this Agreement does not preclude the trade in commodities not mentioned in the annexed Lists "A" and "B" as referred to above.

The two Contracting Parties shall provide each other facilities in respect of the issuance of import and export licenses for the commodities traded between the two countries.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ARTICLE IV

The trade between the two countries shall be based and regulated as far as possible, on the principle of equilibrium.

## ARTICLE V

The trade between the two countries may be conducted through the state trading organizations of Nepal and China, as well as other importers and exporters of the two countries.

## ARTICLE VI

The two Contracting Parties shall grant to each other the most-favoured nation treatment in all matters relating to customs duties and other taxes, fees and charges to be levied on exportation and importation of commodities, and to the rules, formalities and charges of customs management.

These provisions, however, shall not apply to:

1. advantages resulting from any customs union or other agreement on customs free trade to which either Contracting Party is or may become in the future a party; and
2. advantages accorded by multilateral economic agreement relating to international commerce.

## ARTICLE VII

In order to develop the trade overland between the two countries, the two Contracting Parties agree to utilize the following trading points along their frontier:

1. Kodari/Nyalam
2. Rasuwa/Kyerong
3. Yari (Humla)/Purang

## ARTICLE VIII

With a view to improve the economic life of the border inhabitants, the two Contracting Parties agree that the border inhabitants of the two countries, may, within an area of 30 kilometers from the border, carry on the traditional trade on barter basis, which shall not be subjected to the limitation of the above-mentioned provisions.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**ARTICLE IX**

The trade overland between the two countries shall be on the basis of C & F at the points of transfer of the goods over the border between Nepal and the Tibet Autonomous Region of China, or such other places in the vicinity of the border as may be determined by the local authorities concerned.

**ARTICLE X**

The trade overseas between the two countries shall be, in the case of export from Nepal, on the basis of F.O.B. and in the case of export from China, on the basis of C.I.F. Calcutta or other port through which the goods may be shipped in transit.

**ARTICLE XI**

Nothing in this Agreement shall be construed to derogate from any obligations of either of the Contracting Parties under any international convention or agreement or resolution, including those relating to land-locked countries, entered into by either of the Contracting Parties, before or after the conclusion of this Agreement.

**ARTICLE XII**

At the request of either Contracting Party, their representative shall meet to supervise the implementation of this Agreement and settle problems which may arise there-from through friendly consultations.

**ARTICLE XIII**

The method of payments between the two countries shall be as follows:

1. His Majesty's Government of Nepal shall open in the People's Bank of China, Peking, a "Nepal Account" in Pound Sterling and the Government of the People's Republic of China shall open in the Nepal Rastra Bank, Kathmandu, a "China Account" in Pound Sterling.

The above two accounts shall bear no interest and be free of charges.

2. In the event of any change in the gold content of the Pound Sterling (one Pound Sterling containing 2. 13281 grams of fine gold at present), balance of the accounts as prescribed in sub-clause 1 above, and the amounts of outstanding contracts and letters of credit under this Agreement shall all be adjusted according to the proportion of the change so that their gold equivalents shall remain unchanged as before.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3. The under-noted payments shall be channelled through the above-mentioned accounts:

   (1) Payments for the purchase and sale of commodities between the two countries and their incidental charges;

   (2) Payments for local expenses of embassies (including offices of the commercial counsellor) and consulates of both countries;

   (3) Payments for expenses incurred by governmental, commercial, cultural and social organization's delegations or other representatives of each country in the territory of the other country;

   (4) Payments for expenses of students and trainees as well as overseas remittances and travelling expenses of tourists of both countries; and

   (5) Such other payments as agreed upon by and between the Nepal Rastra Bank and the People's Bank of China.

4. The two Contracting Parties shall provide each other a swing credit of the extent of Pounds Sterling Three Hundred Thousand on the above acoounts. Should the balance of the aforesaid accounts exceed this swing limit, the debtor party shall pay the amount in exceed through deliveries of goods, or in convertible currency within three to six months.

5. Upon expiry of the validity of this Agreement, should there still be a balance left on the above-mentioned clearing accounts, the debtor party shall have to settle it immediately through deliveries of goods or in convertible currency.

6. The Nepal Rastra Bank and the People's Bank of China shall work out the technical details necessary for the implementation of this Payment Arrangenent.

## ARTICLE XIV

This Agreement, which shall replace the earlier Trade Agreement signed between the two Contracting Parties on 28th day of may 1968, shall remain in force for a period of three years. If neither party notifies the other in writing to terminate this Agreement at least six months before its expiration, the validity shall be automatically extended for another three years and further extensions shall be effected in a similar manner.

The Present Agreement is concluded in Kathmandu on 31st day of May, 1974 in duplicate in the Nepalese, Chinese and English languages, all the three texts being equally authentic.

| | |
|---|---|
| Sd/ (Bhuban Man Singh) | Sd/ (Chen Chieh) |
| For His Majesty's | For the Government of the |
| Government of Nepal | People's Republic of China |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## LIST "A"

### CHINA'S EXPORTS TO NEPAL

1. China's exports overseas to Nepal:
   (1) Textiles
   (2) Garments
   (3) Light industrial Products
   (4) Food stuffs
   (5) Cement
   (6) Metals and steel products
   (7) Lubricant oil
   (8) Chemicals
   (9) Others

2. Exports from the Tibet Autonomous Region of China to Nepal:
   (1) Raw wool
   (2) Living sheep
   (3) Salt
   (4) Yak and Yak tails
   (5) Carpets
   (6) Others

## LIST "B"

### NEPAL'S EXPORTS TO CHINA

1. Nepal's exports overseas to China:
   (1) Jute
   (2) Sugar
   (3) Timber
   (4) Tanned sole leather
   (5) Medicinal herbs
   (6) Tea
   (7) Others

2. Nepal's exports to the Tibet Autonomous Region of China;
   (1) Food grains
   (2) Wheat Flour
   (3) Sugar
   (4) Jute bags and jute cloth
   (5) Tobacco
   (6) Dried chillies
   (7) Candles
   (8) Dyestuffs
   (9) Soaps
   (10) Timber )
   (11) Cross bred yak (male)
   (12) Others

आज्ञाले-
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।